आज मिति २०७८।०२।२१ गते सन्धिखर्क नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री कमल प्रसाद भुसालज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो ;

कार्यपालिका बैठक नम्बर: ४६ (७७/७८-१३)

| क्र.स. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | नगर प्रमुख श्री कमल प्रसाद भुसाल | |
| २. | सदस्य | उप प्रमुख श्री ठाकुर कुमार वि.क. | |
| ३. | सदस्य | श्री युवराज बन्जाडे | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री लिला गौतम | |
| ६. | सदस्य | [illegible] ~~श्री कृष्ण प्रसाद श्रेष्ठ~~ [illegible] | |
| ७. | सदस्य | श्री राजेन्द्र भुसाल | |
| ८. | सदस्य | श्री कृष्ण प्रसाद आचार्य | |
| ९. | सदस्य | श्री प्रितम बहादुर थापा | |
| १०. | सदस्य | श्री ईश्वरी प्रसाद भुसाल | |
| ११. | सदस्य | श्री देवि बहादुर रायमाझी | |
| १२. | सदस्य | श्री लक्ष्मीनारायण चुँदाली | |
| १३. | सदस्य | श्री धर्वराज आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री लक्ष्मी नेपाली | |
| १६. | सदस्य | श्री मान बहादुर सुनार | |
| १७. | सदस्य | श्री श्रृजना वि.क. | |
| १८. | सदस्य | श्री पदमा भुसाल | |
| १९. | सदस्य | श्री यमकला थापा क्षेत्री | |
| २०. | सदस्य | श्री बसन्ता के.सी. | |
| २१ | सदस्य | श्री हिमकला टोमटा | |
| २२. | सदस्य | श्री रुपा वि.क. | |
| २३. | सदस्य सचिव | श्री नारायण अर्याल | |

मितिः२०७८/२/२१ गतेको कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं १.

- चालु आ.व. २०७७/०७८ मा स्वीकृत वार्षिक कार्यक्रमहरुको हालसम्मको शाखागत प्रगति विवरण शाखा प्रमुखहरूबाट बैठकमा प्रस्तुत भई कार्यक्रमहरुको बारेमा समिक्षा गर्नुका साथै बाँकी रहेका स्वीकृत योजना तथा कार्यक्रमहरू कोभिड-१९लाई मध्यनजर गरी सम्भव भएसम्म समयमा नै सम्पन्न गर्नेगरी अगाडी बढाउने र आगामी आ.व २०७८/०७९ को वार्षिक बजेट निर्माणको कार्य निर्धारित समयमा नै सम्पन्न गर्ने।

निर्णय नं २.

- नगरकार्यपालिकाको कार्यालयबाट मस्यौदा भई पेस भएको सन्धिखर्क नगरपालिकाको कृषि तथा पशुपंक्षी विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि-२०७८ स्वीकृत गर्ने।

निर्णय नं ३.

- नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम बमोजिम नगरपालिकाको ५०% र कृषकको ५०% लागत साझेदारीमा टनेल खरिद गर्ने कार्यका लागि नगरपालिकाबाट रु १० लाख विनियोजन भएकोमा दुवै रकम गरी रू २० लाखको पलाष्टिक टनेल खरिद गर्नुपर्ने चालु आ.वको जिल्ला दररेटमा (सिल्पोलिन) कम्पनीको नाम उल्लेख गरी पलाष्टिक टनेलको दररेट उल्लेख भएको देखिएकोले यसरी कुनै एउटा कम्पनीको नाम उल्लेख गरी सामान खरिद गर्न नमिल्ने प्रचलित कानुनलाई मध्यनजर गरी हाललाई बजारबाट कम्तिमा तिनवटा फर्मबाट तोकिएको साइजमा टनेलको दररेट लिइ सोको असौत निकाल्दा आउने रकमलाई लागत अनुमान मानी सार्वजनिक सूचना मार्फत दरभाउपत्र माग गर्ने।

निर्णय नं ४.

- "सुलभ कृषि कर्जा कार्यक्रम सञ्चालन कार्यविधि-२०७७"को दफा ९ मा भएको समितिको व्यवस्था बमोजिम सो समितिको सदस्यमा निम्न पदाधिकारीहरुलाई मनोनयन गर्ने।

  क.सदस्य श्री वसन्ता के.सी कार्यपालिका-सदस्य

  ख.सदस्य श्री मानबहादुर सुनार कार्यपालिका-सदस्य

  ग.सदस्य श्री प्रबन्धक नेपाल बैंक सन्धिखर्क शाखा प्रमुख

  घ.सदस्य श्री लक्ष्मण कँडेल साना किसान सहकारी संस्था

  ङ.सदस्य श्री छन्द क्षेत्री किसान महासंघ जिल्ला अध्यक्ष

निर्णय नं ५.

- नगरकार्यपालिकाको कार्यालयको तर्फबाट आ.व २०७६/०७७ को संस्थागत स्वमूल्याङ्कन हुँदा जम्मा ४७% प्रतिशत मात्र अंक प्राप्त भएको देखिएको र नगरपालिकाले प्राप्त गरेको प्रतिशत न्यून देखिएकोले आगामी दिनमा नगरपालिकाको संस्थागत स्वमूल्याङ्कनमा अधिकतम अंक ल्याउन कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरूको अध्ययन र प्रयोग गरी नगरपालिकाको संस्थागत स्वमूल्याङ्कनमा वृद्धि गर्ने।साथै आ.व २०७६/०७७ को संस्थागत क्षमता स्वमूल्याङ्कनमा कार्यालयले प्राप्त गरेको अंक संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि २०७७ बमोजिम स्वीकृत गरी प्रकाशन गर्ने र सम्बन्धीत निकायलाई समेत जानकारी गराउने ।

निर्णय नं ६.

- मिति २०७८/२/२१ को नगरप्रमुख स्तरीय निर्णयबाट गठित बहुक्षेत्रीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठनको विषय बैठकमा जानकारी भई उक्त निर्णयलाई सोही अनुरूप अनुमोदन गर्ने।

तपसिल

| | |
|---|---|
| नगरप्रमुखः | -अध्यक्ष |
| नगरउपप्रमुखः | -उपाध्यक्ष |
| वडा अध्यक्ष (१२ वटै वडा ) सबै | -सदस्य |
| नगरप्रमुखले तोकेको कार्यपालिकाको महिला सदस्य श्री पद्मा भुसाल | -सदस्य |
| नगरप्रमुखले तोकेको कार्यपालिकाको दलित महिला सदस्य श्री हिमकला टमटा | -सदस्य |
| पोषण तथा खाद्य सुरक्षा सम्बन्धि कार्यक्रमहरुको योजना तथा कार्यान्वयनको संयोजन गर्न तोकिएको संयोजक श्री इश्वरी प्रसाद भुसाल | -सदस्य |
| सबै शाखा प्रमुखः | -सदस्य |
| सामाजिक विकाश शाखाको कार्यक्रम अधिकृत श्री मन्जु आचार्य | -सदस्य |
| उद्योग वाणिज्य संघको अध्यक्ष | -सदस्य |
| गैह्र सरकारी संस्था महासंघको अध्यक्ष | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत श्री मञ्जु खनाल | -सदस्य सचिव |

निर्णय नं ७.

- सन्धिखर्क नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट मस्यौदा भई पेस भएको अन्तर सरकार समन्वय कार्यविधि-२०७८ स्वीकृत गर्ने।